मानव बेचबिखन तथा ओसार पसार अपराधविरुद्धको
खोजी तथा उद्धार कार्यको वर्तमान अवस्था
र चुनौतीहरुसम्बन्धी

# नीति वकालत पत्र

**DISCLAIMER:**

Forum for Women, Law and Development (FWLD) acknowledges the technical and financial support provided by the United States Agency for International Development's Combating Trafficking in Persons program, implemented by The Asia Foundation, in the publication of this document.

## मानव बेचबिखन तथा ओसार पसार अपराध विरुद्धको खोजी तथा उद्धार कार्यको वर्तमान अवस्था र चुनौतीहरूसम्बन्धी

# नीति वकालत पत्र

नेपालमा मानव बेचबिखन तथा ओसारपसारको अपराध नियन्त्रण जहिले पनि चुनौतीपूर्ण रही आएको छ । खासगरी नेपाली महिला बालबालिकालाई नेपालबाट अन्य देशमा गरिने बेचबिखन र ओसारपसारविरूद्ध बृहद कार्यक्रम हुने गरे तापनि समस्या कम हुन नसकेको अवस्था पछिल्लो दशकबाट देशभित्र पनि क्याविन रेष्टुँरा, डान्सबार, मसाज लगायतमा मानव बेचबिखनसँग सम्बन्धित अपराधका घटनामा व्यापक बृद्धि भईरहेको छ । यसरी मानव बेचबिखन र ओसारपसार देशभित्र र अन्तरदेशिय दुवै रूपमा रहेको र यसलाई नियन्त्रण गर्न यससँग सम्बन्धित क्षेत्रमा विशेष र विस्तृत कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यसमा पनि मानव बेचबिखन तथा ओसारपसारको अपराधमा पीडित हुन पुगेका वा ओसारपसारको क्रममा रहेका महिला तथा बालबालिकाहरूको खोजी र उद्धार गर्ने कार्य महत्वपूर्ण भएता पनि यससम्बन्धमा स्पष्ट नीति निर्देशिका तथा कार्यविधि नभएको कारणले खोजी तथा उद्धार कार्य सञ्चालन सशक्त र प्रभावकारी रूपमा हुन सकेको छैन । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा १२[१] मा विदेशमा बेचिएका नेपालीहरूको उद्धारको जिम्मेवारी नेपाल सरकार रहने व्यवस्था गरेको छ । तर यस व्यवस्थालाई कार्यान्वयन गर्ने तर्फ हालसम्ममा कुनै तदारूकता हुन सकेको छैन । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी घटनामा अपराधपश्चात् कानूनी कारवाही तथा पीडितको उद्धार गर्नुभन्दा अपराध हुनबाट जोगाउनु नै महत्वपुर्ण हुन्छ । यसका लागि पीडित बेचबिखन वा ओसारपसारमा पर्नु अगावै वा सो क्रममा निजहरूको खोजी र उद्धार गर्नुपर्छ ।

हाल विद्यमान अवस्थालाई हेर्ने हो भने कानूनमा उद्धार गर्ने जिम्मेवारी सरकारलाई तोकिनुको अलावा अन्य थप व्यवस्थाहरु हुने सकेको छैन । यसमा पनि कानूनी व्यवस्थाले विदेशमा बेचिएका व्यक्तिहरूलाई उद्धार गर्ने हदसम्म सीमित गरिएको कारणले देशभित्रनै बेचबिखनमा परेकाहरूको उद्धार सम्बम्धमा कानून मौन रहेको छ । अर्कोतर्फ विदेशमा बेचिएका बाहेक ओसारपसारमा परेका र देशभित्रै पनि ओसारपसारमा परेका पीडितहरु खोजी तथा उद्धारसम्बन्धमा कानूनी व्यवस्था नहुँदा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको अभियानले सफलता पाउन सकेको छैन । यस्तै गरी उद्धार सम्बन्धमा कस्तो उद्धार कार्य कसरी कसले सञ्चालन गर्ने भन्ने सम्बन्धमा ऐन तथा नियमावलीमा कुनै व्यवस्था नहुँदा उद्धारको कार्य सुनियोजित तथा प्रभावकारी नहुनुको साथै यस क्षेत्रमा कार्यरत गैह्र तथा अन्तर्राष्ट्रिय संघसंस्थाको भर परिरहेको देखिन्छ । मानव बेचबिखन र ओसारपसारविरूद्ध हाल संलग्न निकायको भूमिकालाई हेर्न हो भने नेपाल प्रहरी नै उद्धार कार्यको मुख्य समन्वयकर्ता

---

१. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, दफा १२

हुन् । पछिल्लो अवस्थामा नेपाल प्रहरीभित्रको महिला तथा बालबालिका सेवा निर्देशनालय र यस अन्तर्गतका निकाय नै यस अपराध नियन्त्रणमा प्रमुख भूमिकादायी रहेका छन् । तर पनि बेचबिखन र ओसारपसारमा परेकाहरूको सूचना संकलन तथा खोजी र उद्धार कार्यमा रहेको कानून र नीतिगत अस्पष्टता तथा कार्यविधिको अभावका कारणले यी निकायबाट समन्वय तथा सशक्त कारवाही भने हुन सकेको छैन, जसको परिणामस्वरूप अझै पनि धेरै व्यक्तिहरूलाई पीडित हुनबाट जोगाउन तथा पीडित भएकाहरूको उद्धार गर्न सकिरहेको छैन । खोजी र उद्धार कार्यमा को को संलग्न रहने र कसको भुमिका के हुने भन्ने स्पष्ट दिशा निर्देश हुन सकेमा देशभित्र र बाहिर दुवै तहमा खोजी र उद्धार कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ ।

यसैगरी हाल सञ्चालन गरिने खोजी र उद्धार कार्यमा आवश्यक पर्ने रकम र सोको संचालन सम्बन्धमा ऐन कानून मौन रहेको र खोजी र उद्धार कार्य गर्न यस क्षेत्रमा कार्यरत संघसंस्था गुहार्नु पर्ने मात्र नभई रकम अभावको कारणबाट पीडितलाई पर्याप्त सहयोग हुन नसकेको अवस्था छ । अर्कोतर्फ खोजी र उद्धार कार्य रहेको समन्वयको अभावको कारणले देशभित्रै उपलब्ध सहज सेवाहरूमा पनि पीडितको पहुँच पुग्न सकेको छैन । कतिपय अवस्थमा सरकारी तथा गैह्र सरकारी संस्थाहरूबाट उपलब्ध गराईने स्वास्थ्य, मनोविमर्श तथा कानूनी लगायतका निःशुल्क उपलब्ध भई रहेको सेवामा पहुँच पुऱ्याउन नसकेको कारणबाट पनि पीडितले प्रभावकारी न्यायबाट बञ्चित हुनाका साथै कतिपय अवस्थामा मानसिक, शारीरिक स्वास्थ्यमा प्रतिकुल असर भोग्नु परेको छ । खोजी र उद्धार कार्यपश्चात् पीडितलाई प्राप्त हुने सेवाको सम्बन्धमा पनि अहिले हाम्रा कानूनहरु मौन रहेका छन् । खास गरी नेपाल बाहिर उद्धार गरिने कानूनी व्यवस्था भए पनि उद्धारपछि स्वदेश फिर्तीको अधिकारसम्बन्धमा कानून मौन रहेको छ । यसले गर्दा विदेशमा उद्धार मात्र गरिने हो की स्वदेश फिर्ती पनि गरिने हो स्पष्ट छैन । यसका अलावा उद्धारपछि पीडितलाई पुनर्स्थापना तथा कानूनी प्रक्रिया सञ्चालनसम्म समन्वय गर्ने सम्बन्धमा पनि अस्पष्टता रहेको कारणले उद्धार गरिएका पीडितहरूले सही मार्गदर्शन पाउन सकेको छैनन् ।

## खोजी र उद्धार कार्यको प्रभावकारी कार्यान्वयनको लागि गरिनु पर्ने कार्यहरु

क) **वर्तमान कानूनमा रहेका अस्पष्टता हटाउने:** ऐनको दफा १२ मा रहेको विदेशमा बेचिएकाहरूको उद्धार गर्ने भन्ने व्यवस्थालाई संशोधन गरी देशभित्र र बाहिर जहाँ पनि बेचिएका वा ओसारपसारमा परेकाहरूको उद्धार गर्ने भन्ने कानूनी व्यवस्था राखिनु पर्छ । यसले देशभित्रका पीडितहरूलाई उद्धार गर्ने ढोका खुल्नेछ ।

ख) **खोजी र उद्धार कार्यको संयोजन गर्ने निकाय:** विद्यमान कानूनी व्यवस्थाले केन्द्रमा NCCHT, जिल्लामा DCCHT तथा गाउँमा VCCHT सम्मको व्यवस्था गरेको भएता पनि यसमा पीडितको खोजी र उद्धार कार्य गर्दा कसले के गर्ने भन्नेसम्म उल्लेख भएको छैन । जसले गर्दा खोजी र उद्धार कार्यको संयोजनमा यी निकायहरु प्रभावकारी हुन सकेका छैनन् । खोजी र उद्धार कार्यमा प्रहरीको भूमिका महत्वपूर्ण देखिने र हुने भएकोले पनि माथिका निकायहरूले आफ्नो भूमिका गौण राख्ने गरेको पाईन्छ भने अर्कोतर्फ बेचबिखनविरूद्धको अभियानमा लागेका गैह्रसरकारी संस्थाहरूसँग यथेष्ट सूचनाहरु आउने भए पनि उद्धार गर्ने अधिकार नभएको कारणले अन्य निकायको भर पर्नु पर्ने अवस्थामा छन् । यी सबै विषयलाई सम्बोधन गर्नका लागि खोजी र उद्धार कार्य गर्दा कसले संयोजन/समन्वय गर्ने र कसले टोली नेतृत्व लिने भन्ने विषय निर्क्यौल हुनु पर्दछ । यसका लागि :

- देश भित्रको खोजी र उद्धार कार्यमा क्षेत्र अनुसार VCCHT, DCCHT ले संयोजन/समन्वय गर्ने र आवश्यकता अनुसार केन्द्र NCCHT ले पनि संयोजन गर्ने,
- विदेशमा गरिने खोजी र उद्धार कार्यमा NCCHT ले संयोजन गर्ने र यसका लागि आवश्यकता अनुसार सम्बन्धित देशमा रहेका उच्चायुक्तको कार्यलयसँग समन्वय गर्ने,
- खोजी र उद्धार टोलीको नेत्तृत्व प्रहरी अधिकृत वा तोकिएको अधिकारीले गर्ने ।

सम्मानित सर्वोच्च अदालतबाट २०६६ मा भएको निर्देशन[२] अनुसार प्रत्येक जिल्ला प्रहरी कार्यालयमा एक अधिकृतलाई साक्षी संरक्षण अधिकृत तोकिनु पर्ने व्यवस्था समेतलाई मध्यनजर गर्दा सम्भव भएसम्म सोही अधिकृतलाई नै टोली नेत्तृत्व दिनु पर्छ ।

ग) **खोजी र उद्धार कार्यको खर्च व्यवस्थापन** : खोजी र उद्धार कार्यको खर्च कसले व्यहोर्ने भन्ने सम्बन्धमा अहिलेसम्म स्पष्ट व्यवस्था नभएकोले यसबाट देखिएको प्रभाव न्युनिकरण गर्न ऐनको दफा १७ मा रहेको पूनर्स्थापना कोषबाट व्यहोरिने गरी कानूनमा संशोधन गरी खोजी र उद्धार कार्यमा लाग्ने खर्चसमेत सोही कोषबाट अग्रिम रूपमा उपलब्ध गराउने वा सोधभर्ना गर्ने व्यवस्था गर्नुपर्छ ।

घ) **खोजी र उद्धार कार्यविधि लागु गर्ने :** ऐनमा रहेको व्यवस्था कार्यान्वयन गर्न तथा माथि उल्लेखित कानूनहरूमा परिवर्तनका साथसाथै खोजी र उद्धार कार्यलाई चुस्त, नियमित तथा समन्वयात्मकरूपमा सञ्चालन गर्नका लागि एक बृहद कार्यविधि तयार गरी लागू गर्नुपर्छ । यस्तो कार्यविधिलाई पीडितमा केन्द्रित हुने गरी तर्जुमा गर्ने र हरेक प्रक्रियालाई सुक्ष्म रूपमा समन्वय गर्ने खालको हुनुपर्छ । यसका लागि देहायका विषय र प्रक्रियासमेत समावेश गरी खोजी कार्य शुरू गर्नु पूर्वदेखि उद्धारपश्चात्का कार्यसमेत संलग्न हुने गरी छुट्टै खोजी र उद्धार कार्यविधि तर्जुमा गर्नुपर्छ :

**सूचना संकलन र विश्लेषण**

- मानव बेचबिखन र ओसारपसारमा परेका पीडितहरूका सम्बन्धमा खोजी तथा उद्धार कार्य गर्नु पूर्व यससम्बन्धमा सूचना वा जानकारी संकलन कसरी गर्ने,
- सूचना संकलनको मुख्य भूमिकामा रहने प्रहरी कर्मचारीले वा तोकिएका व्यक्ति वा निकायले यस क्षेत्रमा कार्यरत संघसंस्थाहरूले पनि सूचना संकलन र सोको विश्लेषण गर्ने,
- **सूचना संकलनका श्रोतहरू पहिचानः** खोजी तथा उद्धार कार्यका लागि प्रहरीले आफ्नै स्रोत, अन्य सरकारी निकायको स्रोत तथा यस क्षेत्रमा कार्यरत संघ संस्थाहरु, पत्रपत्रिका, पूर्व पीडितहरूबाट सूचना संकलन गर्न सक्ने,
- **श्रोत गोप्य राख्नेः** सूचना संकलन गर्दा सूचना संकलन वा सम्प्रेषणका लागि सम्भव भएसम्म सम्बन्धित व्यक्तिको परिचय, फोन नं. तथा ठेगानाहरु गोप्य राख्ने,
- **सूचकलाई पुरस्कृत गर्ने :** सूचना दिने व्यक्तिलाई सही सूचना उपलब्ध गराएमा पुरस्कार दिइने,
- **सूचना विश्लेषणः** संकलित सूचनालाई भरपर्दो र विश्वास गर्न सकिने हो/होइन यकिन गर्न सूचना विश्लेषण गर्नु पर्ने,

२. संवत् २०६४ सालका रिट न. ००४३, महिला, कानुन र विकास मञ्चका लागि अधिवक्ता मीरा ढुङ्गाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय समेत, आदेश भएका मितिः २०६६।८।१८

**कारवाही योजनाः** पीडितको खोजी र उद्धार गर्ने क्रममा पीडक वा अन्यबाट हुन सक्ने प्रत्याक्रमण वा पीडितहरु विरूद्ध हुन सक्ने थप हिंसाका साथै खोजी कार्यको जानकारी चुहावट भएमा विफल हुन सक्ने अवस्था समेतलाई दृष्टिगत गर्दै खोजी र उद्धार कार्य सञ्चालन पूर्व नै कार्वाही योजना तयार गरी खोजी कार्यमा जानेलाई अभ्यस्त बनाउनु पर्छ । यसका लागिः

- खोजी र उद्धारको सम्भावित स्थानका नक्सा तयार पार्ने,
- सम्भाावित स्थानको गतिविधि रेकर्ड र अध्ययन गर्नु तथा रेक्की गर्ने,
- खोजी तथा उद्धार कार्य सञ्चालन गर्दा आउन सक्ने सम्भावित जोखिमको अनुमान र जोखिम न्यूनिकरणका लागि अवलम्बन गर्नु पर्ने उपायको व्यवस्था गर्ने,
- उद्धार गरिएका पीडितहरु र पक्राउ परेका अभियुक्तहरूलाई छुट्टाछुट्टै राखी निश्चित स्थानमा पुर्‍याउने,
- पीडितको आवश्यकता अनुसार मेडिकल परीक्षण तथा मनोसामाजिक विमर्श उपलब्ध हुन सक्ने वातावरण तयार पार्ने ।

**खोजी र उद्धार टोली :** कारवाही योजनाअनुरूप संयोजन गर्ने निकायले खोजी र उद्धार टोली तयार पार्ने र सोबाट खोजी र उद्धारको कार्य गर्नुपर्छ र यसका लागि देहायअनुसार टोली गठन गर्न सकिन्छः

- स्थानीय जिल्ला समन्वय समितीले प्रत्येक जिल्लामा स्थायी प्रकृतीको टोली गठन गर्न सक्नेछ ।
- देश बाहिरको लागि केन्द्रिय समन्वय समिति र परराष्ट्र मन्त्रालयको सम्बन्धित विभागको समन्वयमा स्थानीयस्तरमा टोली गठन गर्न सक्ने छ ।
- केन्द्रिय वा जिल्ला समन्वय समितिले कुनै विशेष उद्धारको आवश्यकता अनुसार केन्द्र, जिल्ला वा स्थानीय स्तरमा लागि विशेष टोली गठन गर्न सक्ने छ ।
- खोजी र उद्धार कार्यमा संलग्न टोली सदस्यहरूको काम प्रकृति अनुसार जिम्मेवारी र काम बाँडफाँड गरिनु पर्ने जस्तै उद्धार गरिने पीडितलाई पीडकबाट अलग राख्ने, तत्काल उपचारको व्यवस्था तथा आवश्यक भएमा मनोसामाजिक विमर्शको अवसर तथा पीडकलाई पक्राउ गर्ने रणनीति, उम्कन नदिने तथा उनीहरूसँगको सबुत प्रमाणहरु संकलनको कार्य सुक्ष्म रूपमा सञ्चालन गर्ने ।

**खोजी तथा उद्धारको कार्य सञ्चालनः** खोजी र उद्धार कार्य सञ्चालन गर्दा पीडितको सुरक्षा र उद्धारलाई केन्द्रमा राख्नु पर्छ । यसका लागि टोलीमा संलग्न सदस्यहरूलाई विशेष निर्देशन

### टोलीका सम्भावित सदस्यहरु

- टोलीको नेत्तृत्व प्रहरी अधिकृत वा तोकिएको कर्मचारीबाट गराउनु पर्छ ।
- टोलीमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थानीय प्रतिनिधि, स्वास्थ्यसँग सम्बन्धित प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि तथा उपलब्ध भएसम्म मनोसामाजिक विमर्शकर्ता, सरकारी वकिल आदिको संलग्नता रहेको हुनुपर्छ ।

र प्रशिक्षित गर्नुका साथै सम्भव भएमा आवश्यकता अनुसारखोजी र उद्धारको पूर्व अभ्यास गराउनु पर्छ । खोजी र उद्धार कार्य सञ्चालन गर्दा देहायका कुराहरूलाई मध्यनजर गर्नुपर्छ :

- खोजी र उद्धारमा संलग्न हुने प्रहरीहरूलाई आवश्यकता अनुसार सादा पोशाक तथा प्रहरी पोशाकमा संलग्न गर्ने,
- पीडितको खोजी तथा उद्धार गर्दा पहिले निजको शारीरिक अवस्था र निजको अवस्थितिलाई विश्लेषण गर्दै पीडकबाट छुट्टाउनु वा मुक्त गर्ने,
- पीडक (हरु) लाई भाग्न उम्कन नदिई तत्काल नियन्त्रणमा लिने कार्य गर्ने,
- खोजी तथा उद्धारको कारवाही सञ्चालन क्रममा घटना स्थापित गर्न सहायक हुने प्रमाणहरु समेत बरामद गर्ने । पीडक वा पीडित साथ रहे भएका सामान वा प्रमाणहरु बरामद गर्दा प्रहरीले कानुनले तोकेको खानतलासी तथा वरामदी मुचुल्का खडा गर्ने,
- उद्धार गरिएका पीडितलाई सम्बन्धित घटना, कानूनी व्यवस्था र निजको सुरक्षा समेतका बारेमा जानकारी दिने । निजको शारीरिक र मानसिक अवस्था हेरी आवश्यकताअनुसार स्वास्थ्य, कानुनी तथा मनोसामाजिक परामर्श तत्काल दिने । यसको अलावा उद्धार गरिएका पीडितहरूलाई खाने र बस्ने व्यवस्थाका साथसाथै महत्वपूर्ण रुपमा पीडक तथा अन्य कोहीबाट पनि हुन सक्ने खतराबाट बचाउन आवश्यक सुरक्षाको व्यवस्था गर्ने,
- पक्राउ गरिएका अभियुक्तहरूलाई पक्राउको कारण र कानुनी व्यवस्थाका सम्बन्धमा जानकारी दिने,
- नेपालबाहिरबाट उद्धार गरिएको अवस्थामा स्थानीय प्रहरी प्रशासनलाई जानकारी दिने,
- पीडितको खोजी तथा उद्धार कार्यमा संलग्न सबैले पीडितको मानव अधिकारको उच्च सम्मान गर्ने ।

### उद्धार गरिएको पीडितको अधिकारहरु

- पहिचान गोपनीयता राख्ने,
- कानून र अदालती प्रक्रियाबारे जानकारी प्राप्त गर्ने,
- सुरक्षा प्राप्त गर्ने,
- सुरक्षित बसोबास वा/तथा पारिवारिक पुनर्स्थापना,
- कानूनबमोजिम न्याय पाउने र पीडक विरूद्ध कारवाही ।

### उद्धार गरिएका पीडित नाबालक भएमा

- माथि उल्लेखित अलावा निजको बाल अधिकार संरक्षण गर्ने र निजको विषयमा निर्णयहरु गर्दा निजसँग सहमति लिई निजको सर्वोत्तम हितलाई ध्यानमा राखि निर्णय गर्ने,
- उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्स्थापना, सामाजिक पुनर्स्थापना सम्भव नभएमात्र बाल कल्याणगृह वा अन्य संस्थामा पठाउने ।

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन: ४२३३५२४, ४२३३५२५, ४२४२६८३, ४२६६४१५
फ्याक्स: ४२४०६२७
इमेल: fwld@fwld.wlink.com.np
वेभसाइट: www.fwld.org